नेपाल सरकार

उद्योग मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालयको सूचना

**मिति ३१-०५-२०७०**

नयाँ कम्पनी संस्थापना गर्नको लागि र संस्थापना भैसकेका कम्पनीहरुले कम्पनी ऐन, २०६३ बमोजिम यस कार्यालयमा पेश गर्नुपर्ने विवरण कागजातहरु गत २०६९ साल माघ २५ गतेदेखि नै विद्युतीय माध्यम (Online) बाट सम्प्रेषण गर्न सकिने व्यवस्था लागू भैसकेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गर्दै, कम्पनी (विद्युतीय फाईलिङ) निर्देशिका, २०६९ को दफा ४ बमोजिम मिति २०७० साल कार्तिक ३ गतेदेखि लागू हुने गरी देहायको व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) नयाँ कम्पनी दर्ताको निवेदन लगायत सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा विद्युतीय माध्यम (Online) बाट पेश गर्नुपर्नेछ ।

(ख) संस्थापना भैसकेका कम्पनीहरुले कम्पनी ऐन, २०६३ बमोजिम यस कार्यालयमा पेश गर्नुपर्ने वार्षिक विवरण लगायत अन्य कागजातहरु अनिवार्य रुपमा विद्युतीय माध्यम (Online) बाट पेश गर्नुपर्ने भएकोले यथाशीघ्र यस कार्यालयबाट Username र Password लिनुहुन जानकारी गराइन्छ ।

(ग) Online मा कागजात पेश गर्ने सम्बन्धी विस्तृत जानकारी कार्यालयको वेवसाइट www.ocr.gov.np मा उपलब्ध User's Manual डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

रजिष्ट्रार